# महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको
# ४ औं वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरु

## १. प्रारम्भिक :

महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८/०७/२९ गते बसेको ३७ औ सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा तोकिए बमोजिम संस्थाको चौथो वार्षिक साधारण सभा निम्न मिति स्थान र समयमा मिति २०७८/०८/२२ गते बुधवार यस संस्थाका अध्यक्ष श्री तारा कुँवर ज्यूको सभापतित्वमा पुर्व सुचित विषयहरुमा छलफल तथा निर्णय भई देहाय बमोजिम वित्तीय संस्थाको चौथो साधारण सभा सु-सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान र समय :

मिति : २०७८ मंसिर २२ गते बुधबार ।

स्थान : Himalaya Drishya Resort Dhulikhel, Kavre .

समय : बिहान १०.३० बजे

कार्यक्रम संञ्चालक : कम्पनी सचिव/प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण प्रसाद न्यौपाने ।

## ३. सभाको वैधानिकता :

### सभाको बारेमा सार्वजनिक सूचना :

सभाको शुरुमा सभाको वैधानिकता सम्वन्धमा छलफल भयो । कम्पनीका शेयरधनीहरुलाई कम्पनी ऐनको दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम ४(३) वमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषयको सुचना शेयरधनी महानुभावहरुलाई जानकारीको लागि राष्ट्रिय स्तरको पत्रिकाहरुमा मिति २०७८ कात्तिक ३० गते प्रथम पटक आर्थिक दैनिकमा र दोस्रो पटक मिति २०७८ मंसीर १५ गते नयाँ पत्रिकामा रित पूर्वको सुचना प्रकाशित गरिएको तथा आ.व २०७७/७८ को वार्षिक प्रतिवेदन, सभाको सुचना तथा प्रोक्सी फारामहरु यस संस्थाको website www.mlbsl.nepal.com.np मार्फत सार्वजनिक गरि सकिएको व्यहोरा कम्पनी सचिव/प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण प्रसाद न्यौपानेबाट जानकारी गराइयो ।

## ४. उपस्थिति :

कम्पनीको चौथो साधारण सभामा शेयरधनी महानुभावहरु, संञ्चालक समितिका पदाधिकारीहरु, कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

क) संचालकहरुको उपस्थिति :

| क.स | विद्यमान सञ्चालकहरुको नाम | प्रतिनिधित्व | ग्रहण गरेको शेयरकित्ता |
|---|---|---|---|
| १ | श्री तारा कुँवर | महिला अधिकार तथा विकास केन्द्र र व्यक्तिगत | १०,००० |
| २ | श्री सुभाष जमरकटेल | प्रतिनिधि/माछापुच्छ्रे बैंक लि. | १,४०,००० |
| ३ | डा. इमान सिहं गुरुङ | व्यक्तिगत | १,४५,००० |
| ४ | श्री इन्दु कुमारी कार्की | व्यक्तिगत | २०,००० |
| ५ | श्री कोपिला पोखरेल | स्वतन्त्र | ० |

ख) अन्य पदाधिकारी तथा एवं पर्यवेक्षकको उपस्थिति :

| क.स | अन्य पदाधिकारी | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद न्यौपाने | प्रमुख कार्यकारी अधिकृत | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड सांगा काभ्रे । |
| २ | श्री युद्धराज ओली | सी.ए. | बर्तमान लेखापरिक्षक श्री पि.वाइ.सी. एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेण्ट्स |
| ३ | श्री भक्तिराम घिमिरे | कानुनी सल्लाहकार | |

ग) कर्मचारीहरु

| क.स | कर्मचारीको नाम | पद | क.स | कर्मचारीको नाम | पद |
|---|---|---|---|---|---|
| १ | श्री हरी प्रसाद न्यौपाने | स.का.अ | २ | श्री ईश्वर बहादुर रोका | व.प्रबन्धक |
| ३ | श्री बल बहादुर राना | प्रबन्धक | ४ | श्री प्रेम बहादुर थापा | प्रबन्धक |
| ५ | श्री बुद्धि सागर न्यौपाने | स.प्रबन्धक | ६ | श्री प्रवीण कुमार माझी | स.प्रबन्धक |
| ७ | श्री सुमित बास्कोटा | व.अधिकृत | ८ | श्री मनोज साह | व.अधिकृत |
| ९ | श्री ममिला पौडेल | अधिकृत | १० | श्री बिमला थापा मगर | क.अधिकृत |
| ११ | श्री निशा रिमाल | व.सहायक | १२ | श्री नरेश चौलागाई | क.सहायक |
| १३ | श्री ममता पाठक | क.सहायक | १४ | श्री पुण्यवती के.सी. | का.सहयोगी |

घं) **शेयरधानी उपस्थिति विवरण :**

स्वयं उपस्थिति संख्या : ९२
प्रतिनिधी मार्फत उपस्थिति संख्या : १२५
जम्मा उपस्थिति संख्या : २१७
प्रमुख अतिथि : माननिय सांसद तुल्सी थापा प्रतिनिधि सभा ।
पर्यवेक्षकको रुपमा उपस्थित : केदार प्रसाद पुडासैनी एसविआई क्यापिटल मर्चेण्ट काठमाडौ ।

ङ) **गणपुरक संख्या** : <u>(कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम)</u>

| शेयर तथा शेयर धनी | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत | जम्मा उपस्थिति | कुल प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| शेयर संख्या म प | १०,००,००० | ४,९८,५६१ | १८,७८० | ५,१७,३४१ | ५१.७३ % |
| शेयरधनी संख्या १ | २१,९३८ | ९२ | १२५ | २१७ | .०.९९ % |

ऐन २०६३ को दफा ७३(२) बमोजिम आवश्यक गणपुरक संख्या कम्पनीको शेयरधनीहरु वा उपस्थित शेयरधनीहरुले ग्रहण गरेको साधारण शेयरहरुको संख्या देहाय बमोजिम रहेको व्यहोरा कम्पनी सचिव श्री कृष्ण प्रसाद न्यौपानेबाट अवगत भई उपस्थित शेयरधनीहरुले उपरोक्त व्यहोरा जानकारी लिदै सभा कानुन बमोजिम बोलाइएको हुदा पुर्व सुचित प्रस्तावहरुमा छलफल गर्न मञ्जुर गर्नुभयो ।

सभामा कुल चुक्ता पुँजी १० लाख कित्ता मध्ये ५ लाख १७ हजार ३ सय ४१ कित्ताको प्रतिनिधित्व गर्ने २१,९३८ जना शेयरधनीहरु मध्ये २१७ जनाको उपस्थित भएकोले कम्पनी ऐनको दफा ७३ तथा कम्पनी नियमावलीको नियम २३ बमोजिम वार्षिक साधारण सभाको लागी आवश्यक गणपुरक संख्याको प्रतिनिधित्व पुगेकोले कम्पनी ऐनको दफा ६९ बमोजिम यस कम्पनीको वार्षिक साधारण सभालाई बैध घोषित गरी विधिवत रुपमा सभा संचालन गर्न अध्यक्षज्यूले अनुमति दिनु भई वार्षिक साधारण सभा संचालन भयो ।

## ५. सभामा प्रस्तुत भएका छलफलका विषयहरु :

शेयरधनीहरुको जानकारीको लागि कम्पनीले प्रकाशन गरेको सूचना र कम्पनीले शेयरधनीहरुलाई वितरण गरेको आफ्नो प्रतिवेदनमा उल्लेख गरिए बमोजिम यस बार्षिक साधारण सभामा छलफलका विषयहरु देहाय बमोजिम रहेका छन ।

**<u>छलफलका विषय सुचीहरु :</u>**

**क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व.२०७७/७८ को चौथो वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्त सम्मको वासलात तथा आ.व. २०७७/७८ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विविरण सहितका संलग्न अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व.२०७७/७८ को मुनाफाबाट चुक्ता पूँजी रु.१०,००,००००० / को २.५ प्रतिशतले हुने रकम रु.२५,००,०००/कर प्रयोजनका लागि नगद लाभांश पारित गर्ने ।

४. बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण समितिको सिफारिस बमोजिम वाह्य लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सुविधाको निर्धारण गर्ने ।

५. सर्वसाधारण समुहबाट २ जना सञ्चालकहरुको निर्वाचन गरी नियुक्ति गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व.२०७७/७८ को मुनाफबाट चुक्ता पुँजी रु.१०,००,०००,००/को ४७.५ प्रतिशतले हुने रकम रु.४,७५,००,०००/ वोनश शेयर वितरणको प्रस्ताव पारित गरी सो सम्बन्धमा प्रवन्धपत्रमा आवश्यक संशोधन गर्ने ।

२. सञ्चालकहरुको बैठक भत्ता तथा अन्य सुविधा वृद्धिका लागि नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

३. संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभिने/गाभ्ने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङकन (Due to Diligence Audit DDA)गर्न मान्यता प्राप्त मूल्याङकनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति एक्विजिसन) तथा खरिद सम्बन्धि समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

५. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियामावली संशोधन गर्ने शिलशिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध**

**६. सभाको सभापतित्व तथा आसन ग्रहण :**

कम्पनी ऐन २०६३ को दफा ७४(१) बमोजिम र यस वित्तीय संस्थाको नियमावली १९(१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षले गर्ने व्यवस्था भए बमोजिम यस बार्षिक साधारण सभा सञ्चालनका लागि बैधानिक आवश्यकता पुरा भएकोले कम्पनी ऐन २०६३ को दफा ७४(१) कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनी सचिव श्री कृष्ण प्रसाद न्यौपानेले कार्यक्रम सञ्चालन गर्नु भयो र कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री तारा कुवर ज्युलाई सभाको सभापतित्वको आसन ग्रहणका लागि अनुरोध गर्दै सभापतित्वको आसन ग्रहण गराउनुभयो ।

प्रमुख अतिथिमा माननीय सांसद तुल्सी थापा ज्यु लाई कार्यक्रमको प्रमुख अतिथिको आसन ग्रहण गराउनु भयो । त्यस्तै सबै सञ्चालक ज्यूहरुलाई मञ्चमा आसन ग्रहण गराउनु भयो ।

७. **सभाको औपचारिक उद्घाटन :**
सभाको औपचारिक उद्घाटनको लागि प्रमुख अतिथी माननिय तुल्सी थापा ज्यु बाट पानसमा बत्ति बाली सभाको उद्घाटन भयो । प्रमुख अतिथीलाई खादा तथा माला लगाई वित्तीय संस्थाका अध्यक्ष श्री तारा कुवर ज्यूले सम्मान गर्नु भयो । साथै महिला कर्मचारीहरु ममिला पौडेल, विमला थापा,निशा रिमाल र ममता पाठकले मञ्चमा आसन ग्रहण गर्नु हुने सबै सञ्चालकहरु र प्रमुख कार्यकारी अधिकृत तथा सबै मञ्चमा आसिन महानुभावहरुलाई खादा तथा माला र ब्याच लगाएर स्वागत गर्नु भयो ।

८. **राष्ट्रिय गान :**
राष्ट्र प्रति सम्मान स्वरुप सम्पूर्ण उपस्थित महानुभावहरुले राष्ट्रिय धुन बजाएर राष्ट्रिय गानमा सहभागी हुनुभयो ।

९. **स्वागत मन्तव्य :**
सभापतिको अनुमति लिई संस्थाका कम्पनी सचिव श्री कृष्ण प्रसाद न्यौपानेले उपस्थित सञ्चालक समितिका सदस्य शेयरधनी महानुभावहरु एवं अन्य आमन्त्रित महानुभावहरुलाई हार्दिक स्वागत कार्यक्रमको लागि माछापुच्छ्रें बैकबाट प्रतिनिधित्व गर्नुहुने सञ्चालक श्री सुभाष जमरकटेल ज्यूले सम्पुर्ण उपस्थित शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको सञ्चालक समितिको तर्फबाट स्वागत गर्नुभयो ।

१०. **वार्षिक प्रतिवेदन प्रस्तुति :**
सभाको काम कारवाही शुरु गर्ने क्रममा सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री तारा कुवर ज्युले शेयरधनीहरुलाई सम्बोधन तथा स्वागत गर्दै वित्तीय संस्थाको आ.व २०७७/७८ को बार्षिक प्रविवेदन पढेर सुनाउनु भयो ।
त्यस पछि लेखा परीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात तथा मिति २०७७ श्रावण १ गतेबाट २०७८ आषाढ मसान्त सम्मको नाफा/नोक्सान हिसाब सोही आवधीको नगद प्रवाह हिसाव सभा समक्ष छलफल तथा निर्णयको लागि प्रस्तुत गर्नुभयो । आ.व २०७७/७८ मा गरेको प्रगति तथा आ.व २०७८/७९ को भावी योजना तथा अन्य कार्यक्रमहरुका बारेमा विवरण प्रस्तुत गर्नु भयो । अन्तमा, धन्यबाद दिदै शेयरधनीको तर्फबाट कुनै जिज्ञासा भए तथा प्रतिक्रिया भए व्यक्त गर्नका लागि समय प्रदान गर्नु भयो ।

११. **साधारण सभामा उठेका जिज्ञासा एवं प्रत्युत्तर :**
शेयरधनीका तर्फबाट व्यक्त गर्नु भएका जिज्ञासा, राय र सुझावको मुलभुत आशयहरु

**श्री विक्रम श्रेष्ठ**
वित्तीय संस्थाले छोटो समयमा गरेका उत्साहजनक प्रगति प्रति खुशि ब्यक्त गर्दै सञ्चालक तथा व्यवस्थापनलाई धन्यवाद दिनु भयो । लघुवित्त संस्था मध्ये सबै भन्दा यस वित्तीय संस्थाले बढी लाभाशं विवरण गरेकोमा खुशी व्यक्त गर्नु भयो । हालको EPS पनि सन्तोषजनक छ । आगामी

वर्षमा पनि यत्तिकै लाभाँश वितरणमा निरन्तरता दिन शुभकामना दिनु भयो साथै प्रमुख कार्यकारी अधिकृतको सेवा सुविधा सम्बन्धमा अध्यक्षको रिपोर्टमा राख्न सुझाव दिनु भयो ।

**१२. प्रमुख कार्यकारी अधिकृत तर्फबाट प्रस्तुत गर्नु भएको जवाफ :**

छलफलको क्रममा शेयरधनी महानुभावहरुले प्रस्तुत गर्नुभएको जिज्ञासा राय तथा अमुल्य सुझाव प्रति प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण प्रसाद न्यौपानेले सराहना गर्दै आभार प्रकट गर्नुभयो । यस महिला लघुवित्त वित्तीय संस्था लिमिटेडलाई निरन्तर रुपमा अघि बढाउन साधारण सभामा शेयरधनी महानुभावहरु तथा विज्ञहरुबाट प्रस्तुत गर्नुभएको महत्वपुर्ण सुझाव र जिज्ञासाले संस्थाको प्रगतिमा कोशेढुंगा सावित हुन सक्ने हुनाले शेयरधनीहरुको विश्वासलाई सार्थक बनाउन कटिबद्ध हुने कुरा व्यक्त गर्नुभयो ।

प्रमुख कार्यकारी अधिकृतको सेवा सुविधा सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा १०९ (४) बमोजिमका समिक्षा आर्थिक वर्ष खुलाउनु पर्ने विवरणहरु भन्ने अनुसुची "क" को पेज नं.१६ मा विस्तृत रुपमा दिइएको जानकारी गराउनुभयो ।

**१३. सभाका निर्णयहरु :**

आजको सभामा शेयरधनी महानुभावहरुले दिनु भएको अमुल्य सुझाव सल्लाहलाई संस्थाले उच्च प्राथमिकता साथ कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत पुर्व सुचित प्रस्तावहरुलाई क्रमश पारित गरिदिन अध्यक्ष ज्यु ले अनुरोध गर्नुभयो । सबै प्रस्ताव उपर सभाका शेयर शेयरधनीहरुको सर्वसम्मत निर्णयबाट देहाय बमोजिमको पारित गरियो ।

**क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट **अध्यक्ष श्री तारा कुवर ज्यूले** प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७७/०७८ को सञ्चालक समितिको प्रतिवेदन वार्षिक साधारण सभाबाट सर्वसम्मतले पारित गरियो ।

२. आर्थिक वर्ष ०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन सहितको कम्पनीको बासलात तथा नाफा नोक्सान हिसाव सम्बन्धमा छलफल हुदा लेखापरिक्षक पी.वाइ.सी एण्ड एशोसियट्सद्वारा लेखा परिक्षण भई आएको लेखापरीक्षण प्रतिवेदन वार्षिक साधारण सभाबाट सर्वसम्मत पारित गरियो ।

३. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व.२०७७/७८ को मुनाफाबाट चुक्ता पूँजी रु १०,००,०००००/को २.५ प्रतिशतले हुने रकम रु.२५,००,०००/कर प्रयोजनका लागी नगद लाभांश सर्वसम्मतले पारित गर्ने निर्णय भयो ।

४. आर्थिक वर्ष २०७८/७९ को लागि लेखापरिक्षक नियुक्ती र पारिश्रमिक सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०७८/७९ को लागि यस कम्पनीको लेखापरीक्षण सम्पन गर्नको लागी **श्री भट्ट एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स** काठमाडौलाई लेखापरिक्षकको रुपमा नियुक्ति गरी निजलाई वैधानिक लेखा परीक्षण, कर लेखापरीक्षण, लङफम लेखापरीक्षण र प्रमाणिकरण शुल्कको पारिश्रमिक स्वरुप कर बाहेक बार्षिक रु.९६,८००/-(रु.अक्षेरुपी छयाननब्बे हजार आठ सय मात्र) पारिश्रमिक उपलब्ध गराउन सभाबाट सर्वसम्मतले पारित गरियो ।

५. संञ्चालक पदमा सञ्चालक समितिको मिति २०७८/०६/२२ को ३५ औ बैठकले श्री इन्दु कुमारी कार्कीलाई परिवर्तन गरी संस्थापक शेयरधनी (समुह क) बाट श्री निरु कुथमी राईलाई नियुक्ति गरेकोमा यस सभाले अनुमोदन गर्ने निर्णय गरियो । त्यस्तै सर्वसधारण समुह (समुह ख ) वाट सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन गर्ने प्रस्तावका सम्बन्धमा भए गरेका काम कार्यवाहीहरुको वारेमा जानकारी गराउन कम्पनी सचिवले अनुरोध गर्दै प्रमुख निर्वाचन अधिकृत श्री भक्तिराम घिमिरेलाई सभा हस्तानन्तरण गर्नुभयो । र सोही बमोजिम प्रमुख निर्वाचन अधिकृतले सभामा देहाय बमोजिम जानकारी गराउनु भयो ।

## १४. निर्वाचन सम्बन्धी काम कार्यवाहीको विवरण :

सर्वसाधारण समूहबाट सञ्चालक निर्वाचन प्रयोजनका लागि प्रकाशित निर्वाचन कार्यक्रम अनुसार नै निर्वाचन सम्बन्धी कार्यको सम्पुर्ण प्रकृया पुरा गरिएको प्रमुख निर्वाचन अधिकृतले सभा समक्ष जानकारी गराउनु भयो । जस अनुसार मतदाता नामावली प्रकाशन, मतदाता नामावली उपर दावी विरोध, अन्तिम मतदाता नामावली प्रकाशन गरिएको र उम्मेदवारको मनोनवयन दर्ता गर्ने कार्यक्रम अनुसार तोकिएको समयवधिमा ३ जना शेयरधनीहरु क्रमश श्रीमति निशा न्यौपाने, राजी सिग्देल र श्री कमल कुमार भारतीको उम्मेदवार परेको मध्ये श्रीमति निशा न्यौपानेले फिर्ता गर्नु भई २ जना मात्र मनोनयन पत्र दर्ता दाखिला भएको र दावी विरोधको समयमा कुनै दावी विरोध नपरेको व्यहोरा प्रमुख निर्वाचन अधिकृतले सभा समक्ष जानकारी गराउनु भयो । यसरी निर्वाचन गर्नुपर्ने सञ्चालक पद २ का लागी अन्तिम उम्मेदवारको रुपमा २ जना उम्मेदवार मात्र कायम रही सो संख्या बराबर भएकोले निर्वाचन सम्बन्धी मतदानको प्रकृया पुरा गरिरहनु नपर्ने व्यहोरा जानकारी गराउनु भयो ।

## १५ निर्वाचन परिणामको घोषणा :

निर्वाचन प्रकृया पुरा गरिरहनु नपर्ने भएको हुदाँ प्रमुख निर्वाचन अधिकृतले श्रीमति रोजी सिग्देल र श्री कमल कुमार भारतीलाई निर्विरोध निर्वाचित भएको घोषण सभामा जानकारी गराउनु भयो सञ्चालक समितिका अध्यक्ष ज्यूबाट नवनिर्वाचित सञ्चालकहरुलाई अवीर माला, खादा र प्रमाण पत्र वितरण गरी शपथ ग्रहण सम्पन गराई स्वागत गर्नु भयो । तत्पश्चात निर्वाचन अधिकृतले सभाको बांकी काम कार्यवाहीका लागि कार्यक्रम सञ्चालकलाई सभा हस्तानन्तरण गर्नुभयो ।

## ख) विशेष प्रस्तावहरु

१. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व.२०७७/७९ को मुनाफाबाट चुक्ता पुँजी रु.१०,००,०००,००/को ४७.५ प्रतिशतले हुने रकम रु.४,७५,००,०००/ वोनश शेयर वितरणको प्रस्ताव पारित गरी सो सम्बन्धमा प्रबन्धपत्रमा आवश्यक संशोधन गर्न सर्वसम्मतबाट पारित गरियो ।

२. सञ्चालकहरुको बैठक भत्ता तथा अन्य सुविधा वृद्धि गर्नका लागि नियमावलीमा संशोधन गर्न निम्न बमोजिमको सञ्चालकहरुको बैठक भत्ता र अन्य सुविधा बापत प्रति बैठक भत्ता अध्यक्षको रु.९,०००/ र प्रति सञ्चालकको रु.८,०००/ र अन्य सुविधामा इन्धन, इन्टरनेट र पत्रपत्रिका बापत प्रति महिना अध्यक्षको रु.१०,०००/र प्रति सञ्चालको रु.८,०००/उपलब्ध गराउन सर्वसम्मतले पारित गरियो ।

३ संस्थाको कार्यक्षेत्र विस्तार गर्न तथा राष्ट्र बैंकको निर्देशन बमोजिम संस्थाको उद्देश्य तथा कारोवार सँग मिल्दो जुल्दो संस्थासँग मर्जर (मर्ज/प्राप्ती गर्ने) तथा खरीद सम्बन्धी प्रक्रियाको लागी आवश्यक छलफल तथा प्रक्रिया अगाडी वढाउनको लागी वित्तीय संस्थाको सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मतले पारित गरियो ।

४. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङकन (Due to Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्याङकन कर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति एक्विजिसन) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित सर्वसम्मतले पारित गरियो ।

५. उपरोक्त बमोजिम प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धी साधारण सभाबाट पारित हुने निर्णयमा थपघट, समायोजन वा फेरबदल गर्न नियमनकारी निकायबाट सुझाव वा निर्देशन भए अनुरुप गर्न संञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न सर्वसम्मतले पारित गरियो ।

ग) **विविध :**

विविध विषय अर्न्तगत यस चौथो वार्षिक साधारण सभाको निर्णय आधिकारिताको लागि सञ्चालक समितिका अध्यक्ष र कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृतले हस्ताक्षर गर्ने निर्णय भयो ।

१६. **धन्यवाद ज्ञापन** :

यस संस्थाको सञ्चालनमा सहयोग गर्ने श्री नेपाल राष्ट्र बैक, कम्पनी रजिष्टारको कार्यालय धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, नेपाल क्लियरिङ हाउस लगायत विभिन्न संघ संस्था तथा व्यक्तिहरुलाई धन्यवाद दिने निर्णय भयो ।

साथै यस संस्थाको सञ्चालक समितिको सदस्यका हैसियतले आफ्नो कार्यकालमा अतुलनिय योगदान गर्ने सम्पुर्ण महानुभावहरुलाई समेत धन्यबाद सहित आभार प्रकट गर्ने निर्णय भयो ।

कार्यक्रमका प्रमुख अतिथि माननिय तुल्सी थापा ज्यू ले चौथो वार्षिक साधारण सभा सम्पन्न भएकोमा सबैलाई धन्यबाद दिनुभयो । लघुवित्त संस्था धेरै भए पनि यसले पिछडीएका र आर्थिक रुपमा कमजोर अवस्था भएका महिलाको जीवनमा फरक ढंगले प्रभावकारी काम गर्न सफल भएकोमा खुसी लागेको र संस्थाका सदस्य र कर्मचारीको इमान्दारितार लगनशिलताले सस्थाले प्रगति गरेको बताउनु भयो । उहाँले "विपन्न वर्ग र महिलाको जीवन स्तर माथि उठेन भने देशको विकास हुँदैन" भन्नु भयो । संस्थाले अहिलेसम्म गरेको कामको प्रशंसा गर्दै आउने दिनमा अझै प्रगति गर्नेमा आफू विश्वस्त रहेको बताउनु भयो ।

१७. **प्रशंसापत्र तथा कदरपत्र वितरण :**

वित्तीय संस्थाको स्थापनाकाल देखि सञ्चालक समितिमा रहि योगदान पुर्‍याउनु हुने पुर्व सञ्चालक श्री इन्दु कुमारी कार्कीलाई अध्यक्ष ज्यूबाट सम्मान स्वरुप प्रशंसापत्र कदरपत्र सहित खादा लगाई सम्मान गर्नुभयो । त्यस्तै विर्वाचन अधिकृत श्री भक्तिराम घिमिरे र सहायक अधिकृत श्री देव बहादुर कार्कीलाई सम्मान गरियो ।

१८. **मायाको चिनो :**

साधारण सभाको प्रमुख अतिथि माननीय सासंद तुल्सी थापा ज्यूलाई वित्तीय संस्थाका अध्यक्ष श्री तारा कुवँर ज्यूबाट धन्यवाद स्वरुप मायाको चिनो प्रदान गर्नुभयो ।

१९. कम्पनी सचिव श्री कृष्ण प्रसाद न्यौपानेले आजको यस चौथो वार्षिक साधारण समावेश विषय सुची अर्न्तगतका सम्पुर्ण विषयहरु समाप्त भएको व्यहोरा जानकारी गराउनु हुदै आजको साधारण सभा समापन गरिदिन अध्यक्ष एंव सभापति ज्यूलाई अनुरोध गर्नु भयो ।

२०. **सभाको समापन :**
बिषय सुचीमा भएका सम्पुर्ण कार्यहरु समाप्त भएको जानकारी पश्चात अध्यक्ष ज्यूले सभामा उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरुलाई उँहाहरुको अमूल्य समय, सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यबाद दिनु भयो । चौथो वार्षिक साधारण सभा शान्ति एवं सौहार्द पुर्ण सरल किसिमबाट सम्पन गर्न सहयोग पुर्याउने श्री नेपाल राष्ट्र बैक, कम्पनी रजिष्टारको कार्यालय, बाह्य लेखापरीक्षक, कानुनी सल्लाहकार विभिन्न संघ-सस्थाका प्रतिनिधिहरु, माननीय सांसद ज्यु, पत्रकार महानुभावहरु, सम्पुर्ण कर्मचारीहरु लगायत दिवाभोजको लागि उपलब्ध गराई सहयोग गर्ने हिमालयन दृश्य रिसोर्ट धुलीखेल काभ्रेलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस चौथो वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

| | |
|---|---|
| श्री कृष्ण प्रसाद न्यौपाने | श्री तारा कुवर |
| कम्पनी सचिव | अध्यक्ष |

**सभा सम्पन्न मिति** : २०७८ मंसीर २२ गते बुधबार (तदनुसार डिसेम्बर ८, २०२१)

## महिला लघुवित्त वित्तीय संस्था लि.को प्रबन्धपत्रमा प्रस्तावित संशोधन सम्बन्धी प्रस्तावहरुको तीन महले विवरण ।

| क्र.सं. | दफा | हालको व्यवस्था | अब हुने नयाँ व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|---|---|
| १ | ६ | (ख) वित्तीय संस्थाको जारी पूँजी रु.१०,००,००,०००/ (अक्षेरुपी दश करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १००/- दरका १०,००,०००/ (दश लाख) थान साधारण शेयरमा बिभाजन गरिएको छ ।<br><br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु.१०,००,००,०००/ (अक्षरुपी दश करोड मात्र) हुनेछ । सोपूँजीलाई प्रतिशेयर रू.१००/- दरका १०,००,००० (दश लाख) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | (ख) वित्तीय संस्थाको जारी पूँजी रु.१४,७५,००,०००/ (अक्षेरुपी चौध करोड पचहत्तर लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १००/- दरका १४,७५,०००/ (चौध लाख पचहत्तर हजार) थान साधारण शेयरमा बिभाजन गरिएको छ ।<br><br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु.१४,७५,००,०००/ (अक्षरुपी चौध करोड पचहत्तर लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १००/- दरका १४,७५,०००/ (चौध लाख पचहत्त हजार) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | बोनस शेयर जारी गरे पश्चात पूँजी वृद्धि हुने भएकोले । |

## महिला लघुवित्त वित्तीय संस्था लि.को नियमावलीमा प्रस्तावित संशोधन सम्बन्धी प्रस्तावहरुको तीन महले विवरण ।

| क.सं. | दफा | हालको व्यवस्था | अब हुने नयाँ व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|---|---|
| १ | ३२ | (ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत प्रति बैठक भत्ता अध्यक्ष र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता अध्यक्षले रु.४,५००/ (अक्षेरेपी चार हजार पाँच सय मात्र) र अन्य सञ्चालक रु.३,५००/ (अक्षेरेपी तीन हजार पाँच सय मात्र) हुनेछ ।<br><br>(घ) व्यवस्था नभएको । | (ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत प्रति बैठक भत्ता अध्यक्षले रु.९,०००/( अक्षेरेपी नौ हजार मात्र) र अन्य सञ्चालक रु.८,०००/ (अक्षेरेपी आठ हजार मात्र) हुनेछ ।<br><br>(घ) अध्यक्षले पाउने मासिक इन्धन/पत्रपत्रिका तथा सञ्चार खर्च रु.१०,०००/ (अक्षेरेपी दश हजार मात्र) र तथा अन्य सञ्चालकले पाउने मासिकइन्धन/पत्रपरिका/सञ्चारखर्च रु.८,०००/ (अक्षरेपी आठ हजार मात्र) हुने छ | समय अनुकुल हुने गरी अध्यक्ष तथा सञ्चालकले पाउने सुविधा संशोधन तथा थप गर्न आवश्यक भएकोले । |